# पञ्चदेवल विनायक नगरपालिका
## विनायक, अछाम
### सुदूरपश्चिम प्रदेश, नेपाल

पत्रसंख्या : ०७६/०७७ मिति: २०७६/१०/२१
चलानी नं. :

## विषयः- विज्ञप्ति ।

यस पञ्चदेवल विनायक नगरपालिका वडा नं.-२ बाट निर्वाचित पञ्चदेवल विनायक नगर कार्यपालिकामा नेतृत्व गर्नुहुने वडाध्यक्ष स्व.पदमबहादुर धामीको हिजो मिति २०७६ साल माघ २० गते राती निर्ममतापूर्वक हत्या भएको छ । यस दुःखद घटनाबाट सिङ्गो नगरपालिका स्तब्ध एबं मर्माहत भएको छ । अत्यन्त सहनशिल, अनुशासित, मृदुभाषी एवं कुशल नेतृत्वका धनी स्व.पदमबहादुर धामी प्रतिको यो प्रहारलाई यस पञ्चदेवल विनायक नगरपालिकाले जघन्य अपराध एवं नगरपालिकाको समग्र नेतृत्व र समाजप्रतिको आक्रमणको रुपमा लिएको छ । अमानवीय, दारूण र करूणाको विकृत राक्षसी आक्रमणबाट सिङ्गो जनप्रतिनिधि, सामाजिक नेतृत्वलाई नै चुनौति र असुरक्षा भएको महशुस भएको छ । यस घटनाको सत्य तथ्य छानविन र अनुसन्धान गरी अपराधीहरूलाई छिटो भन्दा छिटो कठघरामा लिई हदैसम्मको कानूनी कारवाही गर्न नेपाल सरकार, प्रहरी प्रशासन र सम्बद्ध सबै निकायहरूलाई जोडदार अपिल गर्दछौं । यस प्रकारको सुरक्षा चुनौती हामी सबै नगरवासीहरूले बेहोर्ने अवस्था रहने हो भने राज्यको प्रशासनिक पहुँच र सरकारको सुरक्षाप्रतिको आस्थामा समेत प्रश्न रहने भएकोले यस क्षेत्रको सुरक्षाका लागि थप सुरक्षा संयन्त्रको व्यवस्था गर्न समेत माग गर्दछौं ।

अन्तमा यस दुःखद घटनाबाट मृत्यु भएका हाम्रा सहयात्री स्व.पदमबहादुर धामीको मृतआत्माको चीरशान्तिको लागि प्रार्थना गर्दछौं र शोक सन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्दछौं ।

.............................
**अम्बिका कुमारी चलाउने**
**उप-प्रमुख**
**(का.बा. नगर प्रमुख)**
**तथा**
**सम्पूर्ण नगरपालिका परिवार**

अम्बिका कुमारी चलाउने
नगर उप-प्रमुख